आज मिति २०७९।०६।०५ गतेका दिन गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको आ.व. २०७९।८० को चौथो बैठक गण्डकी गाउँपालिका अध्यक्ष श्री दिपक तिमिल्सिनाज्यूको अध्यक्षतामा गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कक्षमा वस्यो। उपस्थिति र निर्णय देहाय बमोजिम रहेको छ।

**उपस्थिति**

| क्र.स. | पदाधिकारीज्युहरुको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिपक तिमिल्सिना | अध्यक्ष | |
| २ | श्री ललिता अधिकारी | उपाध्यक्ष | |
| ३ | श्री तोप मान गुरुङ | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री यम वहादुर थापा | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री सुवास पन्त | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री राजुवावु भण्डारी | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री पहलमान वयलकोटी | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री तुल वहादुर गुरुङ | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री तुलसी रेग्मी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री कोकिल वहादुर पुलामी मगर | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री सिताराम विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १२ | श्री अ माया राना | कार्यपालिका सदस्य | |
| १३ | श्री कुन्ति माया प्रजा | कार्यपालिका सदस्य | |
| १४ | श्री तारा परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १६ | श्री लक्ष्मी वाग्दस | कार्यपालिका सदस्य | |
| १७ | श्री रिजेश उपरकोटी | प्रमुख प्रशासकीय अधिकृत | |

स्ताव नं. १: **निःशुल्क जग्गा व्यवस्थापन सम्बन्धमा ।**

**र्णय नं १**

ाथमिक स्वास्थ्य केन्द्र मकैसिंलाई स्तरोन्नती गरी १५ शैयाको अस्पतालको रुपमा विस्तार गर्न भवन निर्माणको लागि ावश्यक पर्ने जग्गा व्यवस्थापन गर्ने सम्बन्धमा यस अघि मिति २०७९।०३।२९ मा कार्यपालिका बैठकमा पेश हुदाँ ण्डकी गाउँपालिका वडा नं. १ (साविक महादेवडाँडा गा.वि.स. वडा नं. ४ निवासी श्री नर वहादुर गुरुङ्गको नाममा र्ता भई आएको साविक महादेव डाँडा गा.वि.स.वडा नं ४, हाल गण्डकी गा.पा.वडा नं. १ मकैसिंमा रहेको कित्ता नं. ३२ क्षेत्रफल २–२–०–२ भएको पुरै जग्गा र तेज वहादुर गुरुङ्गको सोही ठेगानामा रहेको कित्ता नं. ६३३ क्षेत्रफल २–२––२ मध्ये १–१४–०–२ क्षेत्रफल भएको जग्गा निशुल्क रुपमा जग्गा दान गरेको भनी जग्गादाताको मन्जुरीनामा सहित डा कार्यालयको प.सं. २०७८।७९ च.नं. ११०४ मिति २०७९।३।२८ को सिफारिस समेतका आधारमा निर्णय भई सोही मोजिम सिफारिस गरिएकोमा निज तेज वहादुर गुरुङ्गले कित्ता नं. ६३३ मा कायम रहेको पुरै क्षेत्रफल २–२–०–२ जग्गा ःशुल्क रुपमा उपलब्ध गराउन मन्जुरीनामा सहित पेश हुन आएकोले निम्न बमोजिम विवरण अनुसार निशुल्क जग्गा ाप्तीको लागि निर्णय गर्न सरकारी कार्यालयको लागि निःशुल्क जग्गा प्राप्ति समिति समक्ष शिफारिस गर्ने निर्णय गरियो ।

ापसिल

| क्र.स. | निशुल्क जग्गा दिने व्यक्तिको नाम थर | जग्गा धनीको स्थायी ठेगाना | जग्गा भएको गा.वि.स. र वडा | कित्ता नं. | क्षेत्रफल | कि.काट हुने / नहुने | कित्ता काट हुने तर्फ | प्राप्त हुने क्षेत्रफल | जग्गा प्राप्ति गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | नर वहादुर गुरुङ्ग | साविक मकैसिं ९ हाल गण्डकी गा.पा. वडा नं. १ | साविक महादेव डाँडा गा.वि.स.वडा नं ४, हाल गण्डकी गा.पा. वडा नं. १ मकैसिं | ६३२ | २–२–०–२ | नहुने | | पुरा | मकैसिं प्राथमिक स्वास्थ्य केन्द्र गण्डकी गा.पा. १ मकैसिं |
| २ | तेज वहादुर गुरुङ्ग | साविक महादेवडाँडा ४ हाल गण्डकी गा.पा. वडा नं. १ | | ६३३ | २–२–०–२ | नहुने | | पुरा | |

रिजेश उपरकोटी
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. २**

चालु आ.व. २०७९।८० को लागि स्वीकृत वार्षिक वजेट, योजना तथा कार्यक्रम अनुसार उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाहरुको गठित उपभोक्ता समितिका पदाधिकारीहरु (अध्यक्ष, कोषाध्यक्ष र सचिव) हरुको लागि योजना कार्यान्वयन तथा व्यवस्थापन, अनुगमन, भुक्तानी तथा फच्र्छोट एवं मर्मत संभार सम्वन्धी विषयमा संचालन गरिने अभिमूखिकरण गोष्ठी तपसिल बमोजिम वडाहरुमा निम्न समय तालिका अनुसार आयोजना गर्ने र उपभोक्ता समितिहरुसँग संझौता प्रकृया अघि वढाउने निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | वडा नं. | अभिमूखिकरण संचालन हुने मिति, समय र स्थान | | | कैफियत |
|---|---|---|---|---|---|
| | | मिति | समय | स्थान | |
| १ | वडा नं. १ | २०७९।०६।११ | विहान १०.०० | वडा कार्यालय | |
| २ | वडा नं. २ | २०७९।०६।१३ | विहान १०.०० | वडा कार्यालय | |
| ३ | वडा नं. ३ | २०७९।०६।१० | विहान १०.०० वजे | वडा कार्यालय | |
| ४ | वडा नं. ४ | २०७९।०६।१० | दिनको १.०० वजे | वडा कार्यालय | |
| ५ | वडा नं. ५ | २०७९।०६।१२ | विहान १०.०० वजे | वडा कार्यालय | |
| ६ | वडा नं. ६ | २०७९।०६।०८ | विहान १०.०० | गाउँपालिका भवन | |
| ७ | वडा नं. ७ | २०७९।०६।०७ | विहान १०.०० | वडा कार्यालय | |
| ८ | वडा नं. ८ | २०७९।०६।०९ | विहान १०.०० | वडा कार्यालय | |

**३. विविध तर्फ**

**निर्णय नं. १**

यस गण्डकी गाउँपालिका क्षेत्रभित्र चालु वर्षात याममा वर्षाका कारण आएको वाढी पहिरो तथा अन्य प्राकृतिक प्रकोपका कारण क्षतिग्रस्त भएका निजी घर, गोठ, टहरा तथा जग्गा जमीन पूर्ण तथा आंशिक रुपमा क्षति भएको भए सो को विवरण संकलन गरी वडा समिति मार्फत यथाशिघ्र गाउँपालिकामा सिफारिस गरी पठाउने र सो को विवरण प्राप्त भए पश्चात गाउँपालिकावाट जिल्ला प्रशासन कार्यालय लगायत सम्बद्ध निकायमा सिफारिस सहित पठाउने निर्णय गरियो ।

**निर्णय नं. २**

गण्डकी गाउँपालिका भित्र निर्वाचित भई हाल कार्यभार सम्हाली रहनु भएका जनप्रतिनिधिहरुले (गाउँ कार्यपालिका सदस्य तथा गाउँ सभा सदस्यहरु) कार्यपालिका बैठक तथा गाउँ सभामा उपस्थित हुदाँ तथा अन्य सवै किसिमका औपचारिक कार्यकमहरुमा उपस्थित हुदाँ सवै पदाधिकारीहरुको पोशाकमा एक रुपता कायम हुने गरी देहाय बमोजिमको पोशाक लागु गर्ने निर्णय गरियो ।

**तपसिल**

१) कार्यपालिका तथा गाउँ सभा सदस्य पुरुष तर्फ: कोट खैरो रंग, सर्ट आकाशे निलो रंग र पाईण्ट खैरो रंग र कालो टोपी

२) कार्यपालिका तथा गाउँ सभा सदस्य महिला तर्फ कोट खैरो रंग, साडी गाडा पिंक रंग (रानी कलर) ब्लाउज कालो रंगको

रिजेश उपरकोटी
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ३**
गाउँपालिका स्थित स्वास्थ्य ईकाई, कृषि र पशु सेवा तर्फ पदपुर्ति गर्ने सम्बन्धमा सम्बन्धित सवै स्वास्थ्य ईकाईहरुमा अध्ययन गरी आवश्यक कर्मचारी पदपुर्ति गर्ने र कृषि तथा पशु सेवाको विस्तृत अध्ययन पश्चात आवश्यक निर्णय गर्ने भनी यस अघि भएको निर्णयानुसार सम्बन्धित स्वास्थ्य ईकाई अन्तर्गत थहेव र अनमी पदमा पदपुर्तिका लागि आवश्यक प्रकिया अघि बढाउने तथा कृषि र पशु सेवा तर्फ आवश्यक थप अध्ययन गरी आवश्यकता अनुसार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**
वाढी पहिरो, हावा हुरी, आगलागी लगायत प्राकृतिक प्रकोप तथा अन्य कारणवाट पिडित हुन पुगेका व्यक्तिहरुवाट वडा कार्यालयको सिफारिस, स्थानीय मुचुल्का सहित आर्थिक सहायता माग भई आएमा पिडितको अवस्था हेरी १०००० (दश हजार) सम्म गाउँपालिका अध्यक्षज्यूले तोक आदेश गरी राहत उद्धार तथा पुनस्थापना खर्च शीर्षकवाट उपलब्ध गराउने र साथै सो भन्दा वढी रकम उपलव्ध गराउनु पर्ने अवस्था आएमा आर्थिक सहायता कार्यविधि वमोजिम गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ५**
चेपाङ्ग समुदायको छोनाम (न्वाही पर्व) को अवसरमा मिति २०७९।०५।२२ र २३ गते भरतपुर चितवनमा आयोजना गरिएको सांस्कृतिक कार्यक्रमका लागि आर्थिक सहयोग माग भई आएको सम्वन्धमा पेश भएको कागजातका आधारमा संघ संस्था सहायता शीर्षकवाट रु. ५००००।– (पचास हजार) सहयोग स्वरुप उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६**
चालु आ.व.को श्रावण भाद्र महिनामा परेको वर्षाका कारण वाढी तथा पहिरो आई क्षतिग्रस्त भएका सडकहरुको सफाई तथा मर्मत संभार गरी आशन्न विजया दशमी तथा शुभ दिपावली जस्ता ठुला पर्वहरुमा यात्रुहरुको सहज यात्रालाई लक्षित गरी यातायात सूचारु गर्न गराउन सम्वन्धित वडाहरुमा विनियोजित गरिएको सडक सफाई तथा मर्मत शीर्षकको वजेट परिचालन गरी प्राविधिक लागत अनुमान गराई प्राविधिकको समन्वयमा यथाशिघ्र सडकहरु सफाई तथा मर्मत संभार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**
आशन्न विजय दशमी २०७९ को सुखद अवसरमा आजको यस बैठक गण्डकी गाउँपालिका एवं स्वदेश तथा विदेशमा रहनु हुने वुवा–आमा, दाजुभाई, दिदी वहिनीहरु सम्पूर्णमा उत्तरोत्तर प्रगतिको साथै हार्दिक मंगलमय शुभ–कामना व्यक्त गर्ने निर्णय गर्दछ ।

गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भल्लियाक गोरखा
गण्डकी प्रदेश, नेपाल
२०७३

निर्णय प्रमाणित २०७९/०६/०५

रिजेश उपरकोटी
प्रमुख प्रशासकीय अधिकृत